कर्णाली प्रदेशको पहिलो दैनिक

# काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा

❒ वर्ष : २५ ❒ अंक : २७३ ❒ बुधवार, ३१ असार, २०८३ ❒ Wednesday, 15 July 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०

# वर्षायाममा भेरी करिडोर फेरि अस्तव्यस्त

### *खोलानालामा बढ्दो बहावले सडक पटक–पटक अवरुद्ध, यात्रु बीच बाटोमै सवारी फेर्न बाध्य, निर्माणको ढिलासुस्ती र यातायात व्यवसायीको मनपरीले डोल्पालीको सास्ती झन् बढ्यो*

❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० असार

जाजरकोट-डोल्पा जोड्ने भेरी करिडोर सडक वर्षायाम सुरु भएसँगै फेरि पटक-पटक अवरुद्ध हुन थालेको छ। खोलानालामा पानीको बहाव बढेपछि सडक सञ्चालन प्रभावित हुँदा यात्रुहरू बीच बाटोमै अलपत्र पर्नुपर्ने, पटक-पटक सवारी परिवर्तन गर्नुपर्ने र अत्यावश्यक सामग्रीको ढुवानीसमेत प्रभावित हुने गरेको छ। यसले रुकुमेली, जाजरकोटी र डोल्पालीको दैनिकी कष्टकर बनेको छ भने सडकको भरपर्दोपनामाथि प्रश्न उठाएको छ। रुकुम पश्चिमको आठबीसकोट नगरपालिका-६ अन्तर्गत पर्ने रेजिगाड, उसुम खोला, खोलीबजार तथा डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रका फुलचिङ, भेत्ती र अन्य खोलामा पानीको बहाव बढेपछि सडक सञ्चालनमा समस्या देखिएको हो। सडक अवरुद्ध हुँदा यात्रुहरूले जोखिमपूर्ण रूपमा खोलापारि सवारी परिवर्तन गर्दै गन्तव्य पुग्न बाध्य भएका छन्।

२०७५ सालमा डोल्पा राष्ट्रिय सडक सञ्जालमा जोडिए पनि वर्षायाममा सहज यातायात सञ्चालन हुने अवस्था अझै बन्न सकेको छैन। हिउँदमा मात्रै सिधा सवारी सञ्चालन हुने यो सडकमा बर्खा लाग्नेबित्तिकै डोल्पालीले वर्षेनी उही समस्या दोहोर्‍याइरहेका छन्। अहिले डोल्पादेखि जाजरकोट वा सुर्खेत पुग्न चारदेखि पाँच पटकसम्म सवारी परिवर्तन गर्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्। त्रिपुरासुन्दरीका लालबहादुर सार्कीका अनुसार सडक बनेको वर्षौं बितिसक्दा पनि वर्षायाममा यात्रा अझै जोखिमपूर्ण छ।



### मनपरी भाडाले यात्रु थप मारमा

सडक अवरुद्धको अवस्थाको फाइदा उठाउँदै केही यातायात व्यवसायीले चर्को भाडा असुल्ने गरेको यात्रुको गुनासो छ।

सिधा सवारी सञ्चालन हुँदा २-३ हजार रुपैयाँमा सुर्खेत वा नेपालगञ्ज पुगिने यात्राका लागि अहिले ४-५ हजार रुपैयाँसम्म तिर्नुपर्ने अवस्था रहेको यात्रु प्रेम बोहोराले बताए।

उनका अनुसार यात्रुलाई बीच बाटोमै अलपत्र छोड्ने, पर्याप्त जानकारी नदिने र दुर्व्यवहार गर्ने प्रवृत्तिसमेत बढ्दो छ।

### सडक स्तरोन्नति सुस्त, ठेक्का रद्द गर्ने तयारी

*भेरी करिडोरअन्तर्गत जाजरकोटको तल्लुबगरसम्म कालोपत्रे सम्पन्न भए पनि तल्लुबगर–त्रिपुराकोट सडकखण्डको स्तरोन्नति भने अत्यन्त सुस्त छ।*

*त्रिदेशीय व्यापारिक महत्व बोकेको यो सडक निर्माणको जिम्मा लिएका कम्पनीहरूले सम्झौताअनुसार काम नगरेपछि आयोजना कार्यालयले ठेक्का रद्द गर्ने तयारी थालेको छ।*

*आयोजना कार्यालयका अनुसार मैनाचुली–सिस्ने जेभीले करिब ८५ करोड रुपैयाँको निर्माण सम्झौता गरेर पाँच प्रतिशत पेश्की लिइसके पनि हालसम्म भौतिक प्रगति एक प्रतिशत मात्र भएको छ। यस्तै क्याब कन्स्ट्रक्सनले ८८ करोड रुपैयाँको ठेक्का लिएर करिब ७–८ प्रतिशत मात्रै काम सम्पन्न गरेको छ।*

*आयोजना प्रमुख नरेशप्रसाद केशरीले दुवै निर्माण कम्पनीलाई पटक–पटक ताकेता र स्पष्टीकरण माग गरिएको बताउँदै निर्माणमा सुधार नआए कानुनी प्रक्रिया अघि बढाइने जानकारी दिए।*

*डोल्पाको प्रमुख जीवनरेखाका रूपमा रहेको भेरी करिडोर नियमित सञ्चालन नहुँदा दैनिक उपभोग्य सामग्री, औषधि, निर्माण सामग्रीलगायत अत्यावश्यक वस्तुको ढुवानी प्रभावित हुने गरेको छ।*

*स्थानीयवासीले सडक नियमित सञ्चालन, खोलानाला व्यवस्थापन, निर्माण कार्यमा तीव्रता, यातायात व्यवसायीको मनपरी नियन्त्रण तथा यात्रुको सुरक्षाको सुनिश्चितताका लागि सम्बन्धित निकायसँग तत्काल प्रभावकारी पहल गर्न माग गरेका छन्।*

सडक अवरुद्ध हुँदा बिरामी, ज्येष्ठ नागरिक, विद्यार्थी र दैनिक यात्रु सबैभन्दा बढी प्रभावित हुने गरेका छन्। उता भेरी करिडोर कार्यालयले अवरुद्ध हुने अधिकांश स्थानमा ह्युम पाइप जडान गरिसकिएको जनाएको छ।

तर वर्षायाममा खोलाको बहाव अत्यधिक बढ्ने भएकाले ती संरचनाले पनि काम गर्न नसकेको कार्यालयको भनाइ छ। सूचना अधिकारी गिरिशनन्दन कोरसका अनुसार उसुम, रेजिगाड, खोलीबजार, फुलचिङ र भेत्ती खोलामा ह्युम पाइप राखिएको भए पनि छलगाड खोलामा भौगोलिक कठिनाइका कारण यस्तो संरचना निर्माण गर्न सम्भव भएको छैन।

# सरकारी विज्ञापन नदिने सरकारको परिपत्र सर्वोच्चले गर्‍यो खारेज

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० असार

निजी मिडियालाई सरकारी विज्ञापन नदिने सरकारको परिपत्र सर्वोच्च अदालतले खारेज गरेको छ।

सरकारको यो निर्णय खारेज गर्न माग गरिएको रिटमा मंगलबार न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले निर्णय सुनाएको हो। मागअनुसार इजलासले उत्प्रेषणको आदेश जारी गरेको छ। अर्थात सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको नीतिमा रोक लागेको हो।

चैत १८ गते सरकारी विज्ञापन तथा सूचनाहरू संचार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो। उक्त परिपत्र सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पठाएको थियो। उक्त निर्णयविरूद्ध नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले रिट चैत २३ गते दायर गरेका थिए। सोसाइटी राष्ट्रिय दैनिक लगायतका प्रमुख सञ्चार माध्यमका प्रकाशकहरूको संस्था हो। सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट दायर गरेको हो। रिटमा सरकारको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्नू/नगराउनू भनी प्रतिषेधको परमादेश माग गरेको थियो।

# अबदेखि भरी सिलिण्डर ग्यास पाइने



❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० असार

अबदेखि भरी सिलिण्डर ग्यास पाइने भएको छ।

नेपाल आयल निगमले मङ्गलबार प्रेस विज्ञप्ति जारी गर्दै भरी सिलिण्डर बिक्री वितरणको व्यवस्था मिलाइएको जानकारी दिएको हो। निगमले इण्डियन आयलका विभिन्न बोटलिङ्ग प्लान्ट तथा रिफाइनरीहरूबाट भएको लोडिङ्गको अवस्थामा सुधार तथा आम उपभोक्ता वर्गबाट १४.२ केजी ग्यास सिलिण्डरको उच्च मागको अवस्थालाई समेत मध्यनजर गर्दै निगमले बुधबारदेखि मुलुकभरी नै साविककै १४.२ केजी ग्यास भर्ने जनाएको छ। यसको मूल्य दुई हजार ६० रुपैयाँ हुनेछ।

# मन्त्रिपरिषद् बैठकका ५ निर्णय सार्वजनिक

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० असार

मन्त्रिपरिषद्को मङ्गलबार बसेको बैठकले विभिन्न पाँच वटा निर्णय गरेको छ।

बैठकका निर्णयहरूबारे जानकारी दिँदै शिक्षामन्त्री समेत रहेका सरकारका प्रवक्ता सस्मित पोखरेलले बैठकले कृषि मन्त्रालयको प्रस्तावमा 'बिउ विजन (पहिलो संशोधन) नियमावली २०८१' लाई स्वीकृत गर्ने निर्णय गरेको जानकारी दिए।

यसैगरी, विपद्को समयमा नागरिकको जिउधनको रक्षाका लागि कार्यक्षेत्रमा खटिने सशस्त्र प्रहरी बलका कर्मचारीहरूको मनोबल उच्च बनाउन सरकारले विशेष निर्णय गरेको छ। अबदेखि विपद् खोज तथा उद्धारमा खटिने सशस्त्र प्रहरीका कर्मचारीहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराइने उनले बताए।

नेपाल वायु सेवा निगमको कार्यकारी अध्यक्षमा श्रेष्ठ नियुक्त

नेपाल वायु सेवा निगमको कार्यकारी अध्यक्षमा श्रेष्ठ नियुक्त

यसैगरी

बाँकी पृष्ठ २

# १२ दिन बित्यो तर भेटिएन कर्णाली नदीमा बेपत्ता गाडी र सहचालक, खोजी टोली फर्कियो

❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३० असार

दुर्घटना भएको १२ दिन बितिसक्दा पनि कर्णाली नदीमा बेपत्ता भएको फोर्स गाडी र उक्त गाडीका सहचालकको अवस्था अझै अज्ञात छ।

सुरक्षा निकायले विभिन्न प्राविधिक टोलीबाट खोजी कार्य गरे पनि गाडी र सहचालकबारे कुनै विवरण फेला पार्न सकेको छैन।



असार १८ गते बिहान ११:३० बजे सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको क.प्र. ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित कर्णाली राजमार्गको साङ्गेतडा क्षेत्रमा दुर्घटना भएको थियो।

गाडी राजमार्गबाट करिब ४ सय मिटर तल कर्णाली नदीमा खसेको थियो। त्यसपछि गाडी नदीमा डुबेको थियो भने सवार ५ मध्ये ४ जना गाडीसँगै नदीमा बेपत्ता भएका थिए।

कालिकोटको पचालझरना गाउँपालिका-९ निवासी ५४ वर्षीय

बाँकी पृष्ठ २

## सम्पादकीय

# कार्यान्वयनतर्फ उन्मुख होस्

कर्णाली प्रदेशका नागरिकले वर्षौंदेखि भोग्दै आएको विद्युत् आपूर्ति अवरोधको एउटा प्रमुख कारण केवल प्राकृतिक विपत्ति वा दुर्गम भूगोल मात्र होइन, आवश्यक प्राविधिक उपकरणको अभाव पनि हो। प्रसारण लाइनमा सामान्य समस्या आउँदा समेत अन्य प्रदेशबाट यान्त्रिक क्रेन मगाउनुपर्ने बाध्यताले विद्युत् सेवा पुनःस्थापनामा घण्टौँदेखि दिनौँसम्म ढिलाइ हुने गरेको यथार्थ अब अन्त्यतर्फ उन्मुख देखिएको छ । नेपाल विद्युत् प्राधिकरणलाई कर्णालीका लागि आवश्यक यान्त्रिक क्रेन उपलब्ध गराउने सरकारको निर्णय सकारात्मक र समयसापेक्ष कदम हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले स्थलगत अनुगमनका क्रममा देखिएको वास्तविक समस्यालाई प्राथमिकतामा राख्दै समाधानको पहल गर्नु प्रशंसनीय पक्ष हो । विकासका योजना घोषणा गर्नुभन्दा नागरिकले भोगिरहेका व्यावहारिक समस्याको समाधान खोज्नु नै सुशासनको वास्तविक मापन हो ।

कर्णालीमा विद्युत् पूर्वाधार विस्तार हुँदै गए पनि त्यसको मर्मत तथा व्यवस्थापनका लागि आवश्यक उपकरण नहुँदा सेवा प्रभावकारी बन्न सकेको थिएन । ट्रान्समिसन लाइन, ट्रान्सफर्मर वा पोलमा समस्या आउँदा प्राविधिक टोलीसँग आवश्यक साधन नहुँदा लामो समयसम्म उपभोक्ता अन्धकारमा बस्न बाध्य हुन्थे। यसले उद्योग–व्यवसाय, स्वास्थ्य संस्था, शैक्षिक संस्था र सरकारी सेवा सबै प्रभावित हुने गरेका थिए । प्रदेशमै यान्त्रिक क्रेन उपलब्ध भएपछि विद्युत् मर्मत कार्य छिटो हुनेछ, आकस्मिक अवस्थामा तत्काल परिचालन सम्भव हुनेछ र सेवा अवरोधको अवधि उल्लेखनीय रूपमा घट्ने अपेक्षा गर्न सकिन्छ। यसले केवल विद्युत् सेवा सुधार मात्र होइन, प्रदेशको समग्र आर्थिक तथा सामाजिक गतिविधिलाई पनि गति दिनेछ ।

तर, एउटा क्रेन उपलब्ध हुँदैमा कर्णालीको विद्युत् क्षेत्रका सबै समस्या समाधान हुन्छन् भन्ने होइन। दक्ष प्राविधिक जनशक्ति, आवश्यक स्पेयर पार्ट्स, आधुनिक मर्मत उपकरण, नियमित मर्मत प्रणाली तथा पूर्वाधारको स्तरोन्नति पनि उत्तिकै आवश्यक छन् । दुर्गम प्रदेशका लागि केन्द्र सरकारले दीर्घकालीन सोचका साथ स्रोत–साधनको सुनिश्चितता गर्नुपर्छ । कर्णालीको विकासका लागि घोषणाभन्दा कार्यान्वयन महत्त्वपूर्ण हुन्छ । यस निर्णयलाई समयमै कार्यान्वयन गरी उपकरण प्रदेशमा परिचालन गर्न सकियो भने यसले नागरिकमा सरकारप्रतिको विश्वास बढाउनेछ । विद्युत् सेवा कुनै विलासिता होइन, आजको समयको आधारभूत आवश्यकता हो । त्यसैले कर्णालीका नागरिकले पनि देशका अन्य क्षेत्रसरह भरपर्दो, गुणस्तरीय र निरन्तर विद्युत् सेवा पाउने अधिकार राख्छन् । सरकारले थालेको यो पहल प्रभावकारी कार्यान्वयनतर्फ उन्मुख होस्, र यसले कर्णालीमा विद्युत् सेवाको दीर्घकालीन सुधारको आधार तयार गरोस् ।

# प्रधानमन्त्री बालेन शाहलाई दोस्रो पत्र



डा. ऋषिकेशनारायण श्रेष्ठ

प्रधानमन्त्रीज्यू, तपाईंको सरकारका पहिलो १०० दिनका कार्यसम्पादन र उपलब्धिहरूबारे समीक्षा, चर्चा र टीकाटिप्पणीहरू भइरहेकै बेला सार्वजनिक स्थानमा पिसाब फेरेको घटनाबारे राष्ट्रिय बहस चल्यो । त्यो बहस सेलाउन नपाउँदै, नगर प्रहरीले कानुन कार्यान्वयन गर्ने क्रममा भएको विवादपछिको आत्मदाहबाट भएको दुःखद् मृत्युले सडकदेखि संसदसम्म तीव्र राजनीतिक बहस सिर्जना गऱ्यो । त्यसैबीच, अव्यवस्थित पार्किङको विषयले पनि राजनीति र सामाजिक सञ्जाललाई तताइरहेको छ ।

मिडिया हाउसअगाडि गरिएको जथाभावी पार्किङलाई स्वतन्त्र प्रेसमाथिको आक्रमणका रूपमा मात्र बुझ्नुको सट्टा, अव्यवस्थित पार्किङले आम नागरिकलाई कस्तो सास्ती दिन सक्छ भन्ने सन्देशका रूपमा पनि किन नहेरिने? प्रत्येक घटनालाई तुरुन्तै राजनीतिक रङ्ग दिने प्रवृत्ति बढिरहेका बेला एउटा गम्भीर प्रश्न उठ्छ– हाम्रो सोच र विचार वास्तवमा कतातिर गइरहेको छ?

यद्यपि, आम जनताले सरकारको मूल्याङ्कन केवल एउटा वा दुईटा घटनाका आधारमा नभई, विगतका सरकारहरूको पहिलो १०० दिनको कार्यसम्पादनसँग तुलना गरेर पनि गर्नेछन् । साथै, विगतमा आन्दोलनका क्रममा भएका मानवीय क्षति, ट्राफिक नियम पालना नगर्दा दुर्घटनाबाट बर्सेनि हुने मृत्यु तथा अङ्गभङ्ग, रोजगारीका लागि विदेश गएर बाकसमा फर्किएका लास र महिला माथि भएका जघन्य अपराधपछि हत्या जस्ता घटना पनि सँगसँगै सम्झनेछन् ।तर सरकारको वास्तविक मूल्याङ्कन भने अन्ततः भविष्यमा हुने स्थानीय र प्रदेश सरकारको चुनावमा जनताले आफ्नो मतमार्फत गर्नेछन् ।

सरकार गठन भएको १०० दिनमै दशकौँदेखि थाँती रहेका सम्पूर्ण समस्याहरूको समाधान भइसक्नुपर्छ, र गरिब, असहाय वा बेरोजगार नागरिकले नियम-कानुनविपरीत जस्तोसुकै कार्य गरे पनि कारबाही गर्न पाइँदैन भन्दै लामो राजनीतिक इतिहास बोकेका केही पुराना दलका कार्यकर्ता तथा समर्थकहरूले माइतीघर मण्डलादेखि सञ्चारमाध्यम र सामाजिक सञ्जालसम्म निरन्तर विरोध र नकारात्मक वातावरण सिर्जना गरिराखेका देखिन्छन् ।

सरकारका हरेक कार्य कानुनसम्मत छन् कि छैनन् भन्ने आधारमा निर्णय वा विरोध गर्नुको सट्टा, भावनात्मक पक्षलाई प्राथमिकता दिइएको देखिन्छ । यसले लोकतान्त्रिक बहसलाई तथ्य र नियमभन्दा बढी भावनामा आधारित बनाइरहेको छ, जुन दीर्घकालीन सुशासनका लागि चुनौतीपूर्ण साबित हुन सक्दछ ।

दुःखको कुरा के छ भने , कतिपय यस्ता अभिव्यक्तिहरू लोकतान्त्रिक मर्यादाको सीमाभन्दा निकै बाहिर गएका छन्“ । दोस्रो जेन्जी विद्रोह गर्छौं“, “भदौ २४ गतेको बदला लिन्छौं“, “बालेन्द्र शाहलाई मार्छु, काट्छु, घिसार्छु“, “घन्टे र खरानी ग्याङहरूको घरमा आगो लगाउँछौं“ जस्ता अराजक आवाजहरू सुनिन थालेका छन् । अझ जिम्मेवार राजनीतिक नेतृत्वबाट आफ्ना कार्यकर्ता परिचालनका लागि उत्तेजना र प्रतिशोध युक्त अभिव्यक्तिहरू आउनु लोकतन्त्रका लागि कदापि शुभ सङ्केत होइन ।

प्रधानमन्त्री बालेनलाई पत्र

आन्दोलनमा कसको जित हुन्छ भन्ने कुरा पहिले नै निश्चित हुँदैन । त्यसैले आफूलाई 'स्वघोषित' विजेता ठानेर कोही पनि बहकिनु हुँदैन । आफ्नै राज्यसत्ता हुँदा पनि ज्यान जोगाउन राजनीतिक नेताहरूले भाग्नुपरेका घटना नेपालको इतिहासमा धेरै पुराना भइसकेको छैन । अर्कोतर्फ, जेन्जी विद्रोहका नाममा उपद्रो मच्चाउने केही समूहहरू अझै कानुनी दायरामा आएका छैनन् । यस्तो अवस्थामा, यदि उनीहरूले नै जनतालाई उस्काएर झन् ठूलो अशान्ति वा उपद्रो मच्चाइदिए भने त्यसको जिम्मेवारी कसले लिने?

त्यसैले क्षणिक राजनीतिक लाभका लागि देशको अमनचयन, सामाजिक सद्भाव र शान्ति भङ्ग गर्ने कुनै पनि गतिविधि कसैबाट हुनु हुँदैन, किनकि त्यसबाट अन्ततः कसैको पनि हित हुँदैन ।

गत निर्वाचनमा तपाईं (प्रधानमन्त्री ) र राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा जुन अभूतपूर्व जनलहर र मत देखियो, त्यसले पुराना राजनीतिक दलहरूलाई ठूलो धक्का पुऱ्याएको छ । परिवर्तनको पक्षमा जनलहर आउँदा पुराना संरचना र त्यसबाट लाभ लिइरहेका वर्गहरू आफ्नो अस्तित्व जोगाउन नयाँ नेतृत्वलाई असफल बनाउन एकजुट हुनु अस्वाभाविक होइन । परिवर्तनको बाटो सहज हुँदैन र स्थापित स्वार्थ समूहहरूको प्रतिरोध सामना गर्न बलियो जनसमर्थन आवश्यकता पर्दछ, जुन तपाईं र तपाईंको सरकारले प्राप्त गरेको छ ।

तपाईं (प्रधानमन्त्री) माथि निरन्तर आलोचना, दबाब , विभिन्न प्रकारका चुनौती र धम्की आइरहेका बेला पनि जसरी संयम, धैर्य र इमानदारीका साथ आफ्नो जिम्मेवारी निर्वाह गरिरहनुभएको छ, त्यसले महाभारतको युद्धमा कौरव पक्षले भगवान् कृष्णलाई 'जादुगर वा चटकदार' भनिरहँदा र रामायणमा रावणले भगवान् रामलाई पटक-पटक 'साधारण मनुष्य' भनेर अपमान गर्दा पनि उहाँहरूले संयम नगुमाएको प्रसङ्ग स्मरण गराउँछ । वास्तवमा, धैर्य र इमानदारी नै नेतृत्वको सबैभन्दा ठूलो शक्ति हो । जब त्रेतायुग र द्वापरयुगमा समेत यस्ता प्रवृत्तिका खलनायकहरू थिए भने, यो त कलियुग हो ।

तपाईंहरूलाई 'खरानी ग्याङ' को संज्ञा समेत दिइएको छ । इतिहासको कुनै कालखण्डमा प्रजातन्त्र स्थापनाका लागि राजा महेन्द्रमाथि बम प्रहार गर्नेलाई 'क्रान्तिकारी', २०३० सालतिर विमान अपहरण गर्नेलाई 'योद्धा' र १७ हजार नेपालीको ज्यान लिनेहरूलाई 'गणतन्त्रको सेनानी' मान्ने भाष्य यहाँ स्थापित गरियो । त्यसैगरी सडकका रेलिङ भत्काउने र सडकका टेलिफोन लाइन वितरण बाकसहरू जलाउँदा त्यसलाई 'लेनिनवाद र माओवाद' को संज्ञा दिइयो ।

तर भ्रष्टाचार र बिचौलियाहरूको अखडा, कुशासनको भण्डार, लाखौँ युवाहरूको भविष्य अन्धकार बनाउने र गरिब र निमुखा नागरिकको आशामाथि चोट पुऱ्याउने कुशासनको प्रतीक बनेको सिंहदरबार विरुद्ध नेपाली युवाहरूले विद्रोह गर्दा वा आवाज उठाउँदा त्यसलाई 'खरानी ग्याङ' को बिल्ला टाँसिदिँदा चेन्जी पुस्ता माथि अन्याय भएन र ? ।

विगतमा ध्वंस र अराजकतालाई राजनीतिको भऱ्याङ नबनाइएको भए, सायद सिंहदरबार जल्ने अवस्था आउने थिएन । आज पनि केही समूहहरू त्यही पुरानो र हिंस्रक बाटोबाट सत्तालाई घुँडा टेकाउन सकिन्छ भन्ने सोच लिएर कानुनसम्मत भइरहेका कार्यहरूमा पनि सानो तिनो खोट निकाली, घटनालाई तोडमोड गर्दै, भ्रम फैलाएर जनतालाई उत्तेजित बनाउने कोसिस गरिरहेका देखिन्छन् ।

कतिपय मानिसहरू तपाईंको कार्यशैली र निडरपनलाई देखेर तपाईंलाई 'गँजेडी' वा 'सनकी' को उपनाम दिने गर्छन् । यो सुन्दा स्वस्थानी व्रतकथाको एउटा प्रसङ्ग याद आउँछ– माता सतीदेवीका बुवा दक्षप्रजापतिले महायज्ञमा भगवान् शिवको अपमान गर्दै भनेका थिए, “जङ्गलमा अर्धनग्न बस्ने, शरीरमा खरानी घस्ने, बाघको छाला लगाउने, जटाधारी र दिनभरि भाङ-धतुरो खाएर मस्त भई बस्नेलाई म कसरी छोरी सुम्पिऊँ?“ आफ्नो आराध्यको यस्तो अपमान सहन नसकी सतीदेवीले यज्ञकुण्डमा प्राण त्यागिन । तर पछि दक्ष प्रजापतिसहित महायज्ञमा पाल्नुभएका देवीदेवताहरूले बुझे– जसलाई सबैले 'मस्त र अलमस्त' देख्थे, उनी त साक्षात् ब्रह्माण्डका नायक “भगवान् महादेव“ हुनुहुँदो रहेछ । इतिहास र पुराणले सिकाउने शिक्षा यही हो–कसैको बाह्य रूप, जीवनशैली वा अपमानजनक उपनामका आधारमा उसको मूल्याङ्कन गर्नु बुद्धिमानी होइन । समयले नै व्यक्तिको वास्तविक मूल्य र योगदानको फैसला गर्छ ।

प्रधानमन्त्रीज्यू ! यदि बिचौलियाहरूका लागि बालुवाटार र सिंहदरबारको ढोका बन्द गर्ने, सिंहदरबारमा बिहान ९ बजेदेखि बेलुकी अबेरसम्म काम गर्ने अठोट लिने, आफ्नो परिवार, नातागोता र स्वार्थभन्दा माथि उठेर भ्रष्टाचारविरुद्ध उभिने, जिल्ला-जिल्लामा गएर सस्तो भाषण र उद्घाटनको राजनीति नगर्ने, विधिको शासन स्थापना गर्ने, भावनात्मकभन्दा पनि नियम-कानुनका आधारमा निर्णयहरू लिने, र देशको प्रशासन चलाइरहेको राजनीतिक दलका कर्मचारी सङ्गठनहरू खारेज गर्ने जस्ता साहसिक कदमहरू तपाईंले आफ्नै धुनमा मस्त भएर (वा विरोधीहरूले भनेझैँ 'गाँजा-चरेसको मात' जस्तै नशामा) गर्नुभएको हो भने– तपाईं देश र जनताको पक्षमा अझै यसै गरी मस्त भइरहनुस्, ताकि कसैको डर-त्रास र प्रलोभनले तपाईंको गति रोक्न नसकोस् ।

जब कुनै व्यक्ति स्थापित बेथिति, भ्रष्टाचार र गलत प्रणालीविरुद्ध दृढतापूर्वक उभिन्छ, तब परिवर्तनसँग असहज हुने समूहले उसलाई बदनाम गर्न अनेकौँ उपनामको सहारा लिन्छ । कसैले 'पागल' भन्छ, कसैले 'मण्डले' भन्छ, त कसैले 'गँजेडी' पनि भन्छ ।

# सरकारले भन्यो- मिडियाको गेटमा गाडी तेर्साउनेको खोजी हुँदैछ, जुनसुकै पार्टीको भएपनि कारबाही हुन्छ

कान्क्रेविहार संवाददाता
काठमाडौं, ३० असार

शिक्षामन्त्री सस्मित पोखरेलले मिडियाको गेटमा गाडी तेर्साउनेहरूको खोजी भइरहेको बताएका छन् ।

मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सरकारको तर्फबाट गरिएको भन्ने आरोपलाई अस्वीकार गरे ।

सरकारका प्रवक्ता समेत रहेका उनले भने, 'सरकारले गर्ने भएको भए नेपाल प्रहरी त गृह मन्त्रालयको अन्तर्गत हो । गृह मन्त्रालयले त्यसरी खोजी गर्दैनथ्यो होला । प्रहरीले यसमा को-को संलग्न हुनुभएको छ, सबैको खोजी हुँदै



छ ।'

उनले जुनसुकै पार्टीको भए पनि आरोप प्रमाणित भए कारबाही हुने स्पष्ट पारे ।

## मन्त्रिपरिषद...

खेलकुद क्षेत्रको विकास र खेलाडीहरूको सम्मानका लागि पनि बैठकले निर्णय गरेको छ । जसअनुसार अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक हासिल गरी देशको गौरव बढाउने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापकहरूलाई नगद पुरस्कारका साथै सम्मान पत्र प्रदान गर्ने निर्णय भएको मन्त्री पोखरेलले जानकारी दिए ।

यस्तै, नेपाल वायुसेवा निगमको सञ्चालक समिति अध्यक्षमा महेश्वर भक्त श्रेष्ठलाई नियुक्त गरिएको छ । उनलाई महाप्रबन्धकको समेत काम गर्ने गरी कार्यकारी अध्यक्षको जिम्मेवारी सुम्पिएको पोखरेलले जानकारी दिए।

मिटरब्याज प्रतिवेदन तत्कालै कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय

मिटरब्याज प्रतिवेदन तत्कालै कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय

मन्त्रिपरिषद्ले मिटरब्याज (अनुचित लेनदेन) पीडितहरूको समस्या समाधानका लागि यसअघि गठन भएका विभिन्न आयोगका प्रतिवेदनहरूलाई तत्काल कार्यान्वयनमा लैजाने गरी गृह मन्त्रालयलाई जिम्मेवारी दिएको छ ।

## १२ दिन...

जेखे तिरुवा भने भीरमा अड्किएको अवस्थामा फेला परेका थिए ।

दुल्लु अस्पतालका चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । त्यस्तै, गाडीसँगै नदीमा बेपत्ता भएका कालिकोटको पचालझरना गाउँपालिका-९ का मेगे तिरुवाको शव अघिल्लो सोमबार कैलालीको सुङ्गरखाला क्षेत्रमा भेटिएको थियो ।

त्यस्तै, कालिकोटको रास्कोट नगरपालिका-२ की १८ वर्षीया सिर्जनाको शव गत मङ्गलबार पश्चिम सुर्खेतको चौकुने गाउँपालिका–४ मा पर्ने डड्डगे क्षेत्रमा भेटिएको थियो ।

तुलाराम सुवेदीको शव ९ दिनपछि अछामको तुर्माखाँद गाउँपालिका-२ जमगडास्थित कर्णाली नदीको किनारमा भेटिएको हो ।

पश्चिम सुर्खेतको पञ्चपुरी नगरपालिका-८ माझीगाउँ निवासी चालक सुवेदीको शव भेटिए पनि उनका भाइ तथा सहचालक रामप्रसाद सुवेदीको अवस्था भने अझै अज्ञात छ ।

दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द सारुले पानी परिरहेको र नदीको बहाव बढिरहेकाले खोजी कार्यमा खटिएको जनशक्ति पनि फर्किएको रातोपाटीलाई बताए । उनका अनुसार, अहिले केही सशस्त्र र केही नेपाल प्रहरीबाहेक बाँकी प्राविधिक टोली, नेपाली सेना तथा प्रहरी जनशक्ति फर्किएको छ ।

खोजी कार्यका लागि सशस्त्र प्रहरीको सुर्खेत बाहिनीबाट ६ जनाको गोताखोर टोली र ड्रोन क्यामरासहितको टोली घटना भएकै दिनबाट खटिएको थियो । त्यसपछि विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटारबाट सहायक प्रहरी निरीक्षकको कमान्डमा ५ जनाको टोली अत्याधुनिक उपकरण (सोनार क्यामरा, म्याग्नेट) सहित परिचालन गरिएको थियो ।

यद्यपि अहिले उक्त टोली फर्किएको प्रमुख जिल्ला अधिकारी सारुले
बताए । 'धमिलो पानीमा सोनार क्यामराले खासै काम नगर्ने रहेछ,' उनले थपे,
'उहाँहरू फर्किनुभयो ।'

त्यहाँ नेपाली सेनाको हेलिकप्टरद्वारा समेत खोजतलास गर्ने काम भए पनि केही विवरण पत्ता लागेन । हालसम्म पत्ता लागेका शव पनि खोजी कार्यमा सक्रिय सुरक्षाकर्मी तथा प्राविधिक टोलीले पत्ता लगाएका होइनन् । नदी किनारका स्थानीयले देखेपछि प्रहरीकहाँ खबर गरेका थिए ।

'नदीमा पानीको बहाव झन्-झन् बढिरहेको छ, खोजी कार्य गर्न कठिन भयो,' सारुले भने, 'जसका कारण धेरैजसो जनशक्ति फर्किएको छ ।'

# शिलाजितबाटै वार्षिक १० लाख आम्दानी



❐ काँक्रेविहार संवाददाता
जुम्ला, ३० असार

जिल्लाको चन्दननाथ नगरपालिका तिन शान्तिनगरका ६१ वर्षीय भक्तबहादुर कठायतले शिलाजित सङ्कलन तथा बिक्रीलाई मुख्य पेशाका रूपमा अपनाएर वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्दै आएका छन्। विगत करिब २७ वर्षदेखि निरन्तर शिलाजित सङ्कलन गर्दै आएका उनले यस व्यवसायबाट आफ्नो परिवारको आर्थिक अवस्था सुदृढ बनाएको बताएका छन्। कठायतले २०५६ सालदेखि जुम्लाका उच्च हिमाली क्षेत्रमा पाइने शिलाजित सङ्कलन गर्दै व्यापार सुरु गरेका हुन्।

सुरुका वर्षहरूमा सीमित परिमाणमा सङ्कलन हुने गरेको भए पनि अनुभवसँगै उत्पादन र बजार दुवै विस्तार भएको उनको भनाइ छ।

अहिले उनले सङ्कलन गरिएको शिलाजित प्रशोधन गरी प्याकिङ गरेर देशका विभिन्न जिल्लामा बिक्री गर्दै आएका छन्। उनका अनुसार यस वर्ष मात्रै १० केजी शिलाजित सङ्कलन गरी बिक्री गर्दा करिब १० लाख रुपैयाँ आम्दानी भएको छ।

प्याकिङ गरिएको शिलाजित प्रतितोला एक हजार दुई सय रुपैयाँमा बिक्री हुने गरेको छ भने एक केजी शिलाजितको बजार मूल्य करिब एक लाख रुपैयाँसम्म पुग्ने गरेको उनले बताए।

कठायतका अनुसार कच्चा शिलाजित बिक्री गर्नुभन्दा प्रशोधन गरी गुणस्तरीय प्याकिङ गरेर बजारमा पठाउँदा दोब्बरभन्दा बढी मूल्य प्राप्त हुने भएकाले केही वर्षयता मूल्य अभिवृद्धिमा जोड दिएका छन्। गुणस्तर कायम गर्दै आकर्षक प्याकिङमा बिक्री गर्दा ग्राहकको विश्वास बढ्नुका साथै बजार विस्तार गर्न पनि सहज भएको उनको अनुभव छ। उनले जुम्ला, सुर्खेत, नेपालगञ्ज, काठमाडौं लगायतका बजारमा शिलाजित बिक्री गर्दै आएका छन्।

पछिल्ला वर्षहरूमा प्राकृतिक तथा जडीबुटीजन्य उत्पादनप्रति मानिसहरूको आकर्षण बढ्दै गएकाले शिलाजितको माग पनि निरन्तर बढिरहेको उनले बताए। तर शिलाजित सङ्कलन भने अत्यन्तै जोखिमपूर्ण काम भएको उनको अनुभव छ।

शिलाजित उच्च हिमाली भेगका भीरालो चट्टानका साँघुरा कापमा जम्ने भएकाले त्यसलाई निकाल्न सयौं मिटर अग्लो भीरमा डोरीको सहारामा झुन्डिनुपर्ने अवस्था हुन्छ।

कमजोर मौसम, चिप्लो चट्टान र कठिन भौगोलिक अवस्थाका कारण सङ्कलनका क्रममा हरेक क्षण ज्यानको जोखिम हुने गरेको उनले बताए। "शिलाजित निकाल्न बिहानैदेखि साँझसम्म भीरमै काम गर्नुपर्छ। एउटा सानो गल्तीले पनि ठूलो दुर्घटना निम्त्याउन सक्छ," कठायतले भने, "जोखिम धेरै भए पनि यही पेशाले परिवार चलाउन र राम्रो आम्दानी गर्न सहयोग गरेको छ।" उनले शिलाजितको गुणस्तर कायम राख्न सङ्कलनपछि सफाइ, प्रशोधन र प्याकिङमा विशेष ध्यान दिने गरेको बताए।

बजारमा गुणस्तरीय उत्पादन उपलब्ध गराउन सके राम्रो मूल्य पाइने भएकाले यसतर्फ सबै सङ्कलकले ध्यान दिनुपर्ने उनको सुझाव छ।

स्थानीय स्तरमा पाइने बहुमूल्य जडीबुटीको उचित व्यवस्थापन, प्रशोधन तथा बजारीकरण गर्न सके ग्रामीण क्षेत्रका नागरिकको आयआर्जन वृद्धि हुनुका साथै स्थानीय अर्थतन्त्रलाई पनि टेवा पुग्ने उनको विश्वास छ।

राज्यले शिलाजित सङ्कलकलाई आवश्यक तालिम, सुरक्षा सामग्री र बजार व्यवस्थापनमा सहयोग गरे यस व्यवसायबाट अझ धेरै युवाले रोजगारी र आम्दानीको अवसर प्राप्त गर्न सक्ने उनले बताए।

# सुत्केरीका लागि वडा कार्यालयको पोषण योजना



❐ काँक्रेविहार संवाददाता
रुकुमपश्चिम, ३० असार

बाँफिकोट गाउँपालिका दुई वडा कार्यालयले सुत्केरी आमाको पोषण सुधार गर्ने उद्देश्यले अण्डा र खाने तेल निःशुल्क वितरण गर्ने योजना सार्वजनिक गरेको छ।

आगामी साउन एक गतेदेखि लागू हुने यस कार्यक्रममार्फत सुत्केरी आमालाई पोषणयुक्त आहार उपलब्ध गराउनुका साथै समयमै जन्मदर्ता गर्न प्रोत्साहन गर्ने लक्ष्य राखिएको वडा कार्यालयले जनाएको छ।

वडा अध्यक्ष प्रकाश खत्रीका अनुसार नवजात शिशुको जन्म भएको ३५ दिनभित्र वडा कार्यालयमा जन्मदर्ता गराउने परिवारलाई एक क्यारेट (३० वटा) अण्डा र एक लिटर खाने तेल निःशुल्क उपलब्ध गराइनेछ।

उनले सुत्केरी आमाको स्वास्थ्य र पोषणमा विशेष ध्यान दिनुपर्ने भएकाले यस्तो कार्यक्रम सञ्चालनमा ल्याइएको बताए।

"सुत्केरी अवस्थामै पर्याप्त पोषण पाउनु आमा र शिशु दुवैका लागि आवश्यक हुन्छ। त्यससँगै समयमै जन्मदर्ता गर्ने बानीको विकास होस् भन्ने उद्देश्यले यो कार्यक्रम ल्याएका हौं," वडा अध्यक्ष खत्रीले भने।

उनका अनुसार धेरै परिवारले विभिन्न कारणले जन्मदर्ता ढिलो गर्ने गरेका छन्। यसले कानुनी प्रक्रिया र सरकारी सेवा प्राप्त गर्न समस्या हुने भएकाले पोषणसँगै जन्मदर्तालाई पनि जोडेर प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

कार्यक्रम कार्यान्वयनका लागि वडा कार्यालयले आफ्नो सम्पूरक कोषबाट ८५ हजार रुपैयाँ बजेट विनियोजन गरेको जनाएको छ।

आवश्यकता र प्रभावकारिताका आधारमा आगामी वर्षहरूमा पनि कार्यक्रमलाई निरन्तरता दिने तयारी रहेको वडा कार्यालयको भनाइ छ।

स्थानीयवासीले सुत्केरी आमाको पोषणमा केन्द्रित यस्तो कार्यक्रमले मातृ तथा शिशु स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नुका साथै समयमै जन्मदर्ता गराउने संस्कार विकास गर्न पनि सहयोग पुग्ने अपेक्षा गरेका छन्।

# कृषि विकास कार्यालयको ८६ प्रतिशत वित्तीय प्रगति

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ३० असार

कर्णाली प्रदेश सरकारअन्तर्गतको कृषि विकास कार्यालय, हुम्लाले चालु आर्थिक वर्ष २०८२/८३ मा ८५ दशमलव ९२ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जनाएको छ।

कृषि उत्पादन वृद्धि, किसान लक्षित कार्यक्रम तथा कृषि पूर्वाधार विकासका विभिन्न योजना कार्यान्वयन गर्दै कार्यालयले उक्त प्रगति हासिल गरेको हो।

कार्यालय प्रमुख चुडामणि पन्तका अनुसार चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले कार्यालयलाई कुल नौ करोड ६७ लाख ७३ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो।

आर्थिक वर्षको अन्त्यसम्ममा आठ करोड ३१ लाख ३५ हजार रुपैयाँ खर्च भएको छ। पुँजीगततर्फ तीन करोड १५ लाख ७० हजार रुपैयाँ विनियोजन गरिएकोमा दुई करोड ६६ लाख ४६ हजार रुपैयाँ खर्च भई ८४ दशमलव ४० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।




यस बजेटबाट कृषि पूर्वाधार निर्माण, कृषि उपकरण सहयोग तथा उत्पादन वृद्धि लक्षित कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ।

त्यसैगरी चालुतर्फ विनियोजित छ करोड ५२ लाख तीन हजार रुपैयाँमध्ये पाँच करोड ६४ लाख ८९ हजार रुपैयाँ खर्च भई ८६ दशमलव ६४ प्रतिशत वित्तीय प्रगति हासिल भएको प्रमुख पन्तले जानकारी दिए।

चालु बजेटबाट किसानलाई तालिम, प्राविधिक सेवा, बीउबिजन तथा कृषि सामग्री वितरण, क्षमता अभिवृद्धि र कृषि प्रविधि विस्तारका कार्यक्रम सञ्चालन गरिएको थियो।

प्रमुख पन्तका अनुसार दुर्गम जिल्लाको चुनौतीपूर्ण भौगोलिक अवस्थाका बाबजुद अधिकांश कार्यक्रम लक्ष्यअनुसार सम्पन्न भएका छन्। कार्यालयले स्थानीय तहसँग समन्वय गरेर व्यावसायिक कृषि प्रवर्द्धन, खाद्य सुरक्षा सुदृढीकरण तथा किसानको आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेको थियो। आगामी आर्थिक वर्षमा पनि आधुनिक कृषि प्रविधिको विस्तार, उत्पादन वृद्धि, युवा सहभागिता र बजारमुखी कृषि प्रणालीलाई थप प्रभावकारी बनाउने योजनासहित कार्यक्रम सञ्चालन गरिने कार्यालयले जनाएको छ।

# जाजरकोटमा छोरी सञ्जाल गठन




❐ काँक्रेविहार संवाददाता
जाजरकोट, ३० असार

जाजरकोटमा छोरीहरूको हक-अधिकार संरक्षण, नेतृत्व विकास र सशक्तीकरणका लागि जिल्ला स्तरीय छोरी सञ्जाल गठन गरिएको छ।

जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख कालीबहादुर खत्रीको अध्यक्षतामा बसेको भेलाले पवित्रा वलीको अध्यक्षतामा जिल्ला छोरी सञ्जाल गठन गरेको हो।

सोमबार सम्पन्न भेलाबाट सञ्जालको उपाध्यक्षमा सञ्जीता बादी, सचिवमा इन्दिरा रोकाया, सहसचिवमा रेखा सिंह र कोषाध्यक्षमा सुजता शाही चयन भएका छन्। त्यस्तै सदस्यमा जेनिशा बादी निर्विरोध चयन भएकी छन्।

जिल्लाका विभिन्न स्थानीय तहबाट प्रतिनिधित्व गर्ने छोरीहरूको सहभागितामा सम्पन्न भेलामा छोरीहरूको अधिकार, नेतृत्व क्षमता विकास, शिक्षा, समान अवसर तथा सामाजिक सशक्तीकरणका विषयमा छलफल गरिएको थियो।

भेलाले छोरीहरूको सवाललाई प्राथमिकताका साथ उठाउने र जिल्लास्तरमा समन्वयात्मक भूमिका निर्वाह गर्ने उद्देश्यसहित विभिन्न प्रस्तावसमेत पारित गरेको छ।

नवनिर्वाचित जिल्ला छोरी सञ्जालले जिल्लाभरका छोरीहरूको हक-अधिकार सुनिश्चित गर्न, उनीहरूको नेतृत्व क्षमता विकास गर्न तथा सामाजिक सहभागिता बढाउन सक्रिय रूपमा काम गर्ने प्रतिबद्धता जनाएको छ।

सञ्जालले छोरीमाथि हुने विभेद, असमानता र अवसरको कमीका विषयमा आवाज उठाउँदै स्थानीय तह, सरोकारवाला निकाय र समुदायसँग सहकार्य गरेर कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# पेट्रोलियम परियोजना अलपत्र



❒ काँक्रेविहार संवाददाता
दैलेख, ३० असार

दैलेख जिल्लाको भैरवी गाउँपालिका एक जलजलेस्थित प्राकृतिक ग्यास तथा पेट्रोलियम अन्वेषण परियोजना दोस्रो चरणको काम सुरु हुन नसक्दा लामो समयदेखि अलपत्र परेको छ।

पहिलो चरणको अध्ययन तथा ड्रिलिङ सम्पन्न भएर प्रतिवेदन सरकारलाई बुझाइसकिए पनि त्यसपछिको प्रक्रिया अघि नबढ्दा परियोजनास्थलमा रहेका महँगा उपकरण प्रयोगविहीन बन्दै गएका छन्।

नेपाल र चीन सरकारबीच सन् २०१९ मा भएको सम्झौताअनुसार दैलेखको शिरस्थान, नाभिस्थान र पादुकास्थान क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक ग्यासको अध्ययन सुरु गरिएको थियो।

जलजले क्षेत्रमा करिब ४५ रोपनी सरकारी जग्गामा सञ्चालन भएको यो परियोजना चीन सरकारको करिब दुई अर्ब १७ करोड रुपैयाँ अनुदान सहयोगमा सम्पन्न भएको हो।

अध्ययनका क्रममा नेपालकै सबैभन्दा गहिरो चार हजार १३ मिटर ड्रिलिङ गरिएको थियो। चीनको चाइना जियोलोजिकल सर्भेले तयार पारेको प्रतिवेदनमा जलजले क्षेत्रमा करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यास रहेको सम्भावना औँल्याइएको छ। यसले दैलेखलाई भविष्यमा मुलुककै महत्वपूर्ण ऊर्जा केन्द्रका रूपमा विकास गर्न सकिने अपेक्षा बढाएको छ। यद्यपि पहिलो चरणको अध्ययन सकिएपछि दोस्रो चरणको अन्वेषण तथा उत्खनन प्रक्रिया सुरु हुन सकेको छैन।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका निकायले आवश्यक प्रक्रिया अघि बढाउने तयारी भइरहेको बताए पनि स्पष्ट कार्ययोजना सार्वजनिक भएको छैन। यसले परियोजनाको भविष्यप्रति अन्योल बढाएको छ।

दैलेख उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेन्द्रबहादुर थापाले परियोजना लामो समय रोकिँदा अन्वेषणस्थलमा रहेका ड्रिलिङ मेसिन, उपकरण तथा अन्य संरचनामा खिया लाग्न थालेको बताए।

उनका अनुसार दोस्रो चरणको काम छिट्टै सुरु गर्न सके मुलुकको ऊर्जा क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने र पेट्रोलियम पदार्थ आयातमा हुने अर्बौं रुपैयाँ विदेशिनबाट जोगाउन सकिनेछ।

स्थानीयवासीले पनि परियोजना छिटो अघि बढाएर उत्खनन प्रक्रिया सुरु गर्न सरकारसँग माग गरेका छन्। उनीहरूका अनुसार परियोजना सञ्चालनमा आए रोजगारी सिर्जना, पूर्वाधार विकास र स्थानीय आर्थिक गतिविधिमा उल्लेखनीय सुधार आउने विश्वास गरिएको छ।

# भक्तपुरमा प्रथम कर्णाली फुटसल कप आयोजना हुँदै

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, ३० असार

कर्णाली र सुदूरपश्चिम प्रदेशका खेल प्रतिभालाई उजागर गर्ने उद्देश्यले भक्तपुरमा प्रथम कर्णाली फुटसल कप-२०८३ आयोजना हुने भएको छ।




नेपाल अर्गानिक घरको मुख्य प्रायोजनमा आयोजना हुन लागेको प्रतियोगिताले दुई प्रदेशका खेलाडीबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नुका साथै फुटसल खेलको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने आयोजकले जनाएको छ।

आयोजकका अनुसार प्रतियोगितामा कर्णाली तथा सुदूरपश्चिम प्रदेशका फुटसल तथा फुटबल खेलाडी, क्लब र खेलप्रेमीलाई सहभागिताका लागि आह्वान गरिएको छ।

उत्कृष्ट खेल प्रदर्शन गर्ने उद्देश्यसहित आफ्नो टिम बनाएर प्रतियोगितामा सहभागी हुन खेलाडी तथा क्लबहरूलाई आग्रह गरिएको छ।

प्रतियोगिता भक्तपुरको निकोसेरास्थित होप राइज फुटसल (Hope Rise Futsal) मा २०८३ साल साउन ११ र १२ गते सञ्चालन हुनेछ। प्रतियोगिता बिहान सात बजेदेखि सुरु हुने आयोजकले जानकारी दिएको छ।

प्रतियोगितामा सहभागी हुन इच्छुक टिमले पाँच हजार पाँच सय ५५ रुपैयाँ दर्ता शुल्क बुझाउनुपर्नेछ। प्रतियोगिताको विजेता टोलीलाई नगद ५५ हजार पाँच सय ५५ रुपैयाँसहित सम्मान गरिनेछ भने उपविजेता टोलीले २५ हजार पाँच सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ।

आयोजकले प्रतियोगितामार्फत कर्णाली र सुदूरपश्चिम क्षेत्रका खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै खेलकुद क्षेत्रमा आपसी सम्बन्ध र सहकार्य विस्तार गर्ने लक्ष्य राखेको जनाएको छ।

फुटसल खेलप्रति युवाहरूको आकर्षण बढिरहेको अवस्थामा आयोजना हुन लागेको यस प्रतियोगिताले नयाँ खेल प्रतिभाको पहिचान गर्न र खेलाडीको क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

प्रतियोगितामा सहभागी हुन चाहने टिमले संगम शाही (९८४३८६२५६२), स्वदेश शाही (९८६५१३८४१५) र भुवन शाही (९८६९४६६६८१) लाई सम्पर्क गरी टिम दर्ता गर्न सक्ने आयोजकले जनाएको छ। आयोजकले सम्पूर्ण खेलाडी, क्लब तथा खेलप्रेमीलाई प्रतियोगितामा सहभागी भई खेल भावना र प्रतिभाको प्रवर्द्धनमा सहयोग गर्न आग्रह गरेको छ।

# पर्यटक लोभ्याउने 'ठूली दह'

❒ काँक्रेविहार संवाददाता
रुकुमपश्चिम, ३० असार

मुसिकोट नगरपालिका-७ मा अवस्थित 'ठूली दह' पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। घनाजङ्गलको बीचमा हरियाली मैदान, शान्त वातावरण, प्राकृतिक सौन्दर्य र मनमोहक दृश्य रहेको 'ठूली दह' क्षेत्र पुग्ने जोकोहीलाई हर्षित तुल्याउन गरेको छ।

मध्यपहाडी लोकमार्गबाट करिब एक घण्टाको



पैदलयात्रापछि पुगिने ठूली दह बिदामा घुम्न जाने पर्यटकको रोजाइमा पर्न थालेको छ। रुकुमपश्चिमका विभिन्न स्थानबाट मात्रै होइन, छिमेकी जिल्ला रुकुमपूर्वबाट समेत मानिस त्यहाँ पुग्ने गरेका छन् । विशेषगरी युवापुस्ता, विद्यार्थी, प्रकृतिप्रेमी तथा परिवारसहित घुम्न पुग्नेको सङ्ख्या पछिल्ला वर्षमा बढ्दो छ।

चारैतिर अग्ला डाँडाहरूले घेरेको हरियाली मैदानको बीच भागमा रहेको दहले त्यहाँको प्राकृतिक सुन्दरतालाई झन् आकर्षक बनाएको छ। जङ्गलको बीचमा खुला मैदान र बीच भागमा पानी जमेर बनेको निलो दहले त्यस क्षेत्रमा पुग्नेलाई बेग्लै अनुभूति दिने गरेको ठूली दह घुम्न आउनुभएका आन्तरिक पर्यटक यामराज केसीले बताए। वर्षात्को समयमा ठूली दह पानीले भरिभराउ छ । पानी भरिएको बेला दहको दृश्य निकै मनमोहक देखिने गरेको छ । आकाशको निलो रङ दहमा प्रतिबिम्बित हुँदा यहाँको सौन्दर्य झन् लोभलाग्दो बन्ने गरेको छ।

जेठको पहिलो सातादेखि दह क्षेत्रभरि फुल्ने बुकी फूल यहाँको अर्को विशेष आकर्षण हो । सेताम्मे बुकी फूल फुलेपछि दह क्षेत्र झन् रमणीय बन्ने गरेको पाइन्छ। बुकी फूलसँगै फोटो तथा भिडियो खिच्न आउने युवाको सङ्ख्या बढ्ने गरेको छ । सामाजिक सञ्जालमा त्यहाँका दृश्यहरू भाइरल हुन थालेपछि ठूली दहप्रति चासो बढ्दै गएको स्थानीय हुकुमबहादु पाण्डेले बताए।

स्थानीय पाण्डे भने "व्यवस्थित बाटो, दह नपुग्दै थकाइ मार्न बीच भाग र आसपासका प्रतिक्षालयले आन्तरिक पर्यटकलाई थप सहज भएको छ, पछिल्लो समय स्थानीय सरकारले पनि ठूली दहलाई चासो दिएको देखिन्छ ।"

केही घण्टाको पैदलयात्रा जङ्गलको बाटो हुँदै दहसम्म पुग्दा पाइने रोमाञ्चक अनुभवले थकान बिर्साउने गरेको उनीहरूको अनुभव छ । वर्षायाममा प्रशस्त पानी भए पनि गर्मीयाममा दह सुक्खाजस्तो देखिने र खानेपानीको समस्या हुने गरेको छ। मुसिकोट नगरपालिका तथा वडा कार्यालय त्यसलाई सम्बोधन गर्न लागिपरेको वडाध्यक्ष एक्कबहादुर पाण्डेले जानकारी दिए।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोन: ०८३-५९०१११/९८५१३४५७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)